बैठक संख्या: ६८

आज मिति २०८२।१२।१७ गतेका बिहान ८:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | डण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडा अध्यक्ष वडा नं.७ | |
| १० | बीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | रिचा सुनार | कार्यपलिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देबी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुबेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

# ६८ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१.** माडी नगरपालिकाको ६७ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक कार्य प्रगति पाईयो।

**निर्णय नं.२.** नगरपालिका अन्तर्गत रहेका ढुवानी तथा अन्य हेभी ईक्युप्मेन्ट साधनहरुको सञ्चालनमा देखिएको समस्यालाई दृष्टिगत गरी पटक पटक धेरै मर्मत गर्नुपर्ने सवारी साधनलाई हाललाई सञ्चालन नगर्ने। त्यस्ता साधनको सवारी चालकहरुसँगको करार सम्झौता भंग गर्ने एवं ज्यालादारीमा रहेका सवारी चालक एवं हेल्परहरुलाई काममा नलगाउने ।

**निर्णय नं.३.** टोल विकास संस्थाहरुको पुर्नगठन र सिमा निर्धारणको कार्य १५ दिनभित्र अर्थात २०८३।०१।०३ गतेभित्र सम्पन्न गर्ने।

**निर्णय नं.४.** वडा नं. १ को कार्यालय भवनको लागि जग्गा प्राप्ती प्रयोजनार्थ देहाय अनुसारको क्षेत्र निर्धारण गर्ने ।

<u>देहायः</u>

पुर्वः चिताई खोला   उत्तरः वडा नं.२को सिमाना   दक्षिणःचैनपुर जाने बाटो   पश्चिमःडाङ्ग्रे खोला

**निर्णय नं.५.** नगर शिक्षा समितिको मिति २०८२।१२।१६ गतेको निर्णय अनुसारको शिक्षक दरवन्दी मिलान २०८३।०१।१५ गतेभित्र सम्पन्न गर्ने।

**निर्णय नं.६.** मिति २०८२।१२।१६ गतेको नगर शिक्षा समितिको बैठकबाट पेश भएको माडी नगरपालिकाको नगर शिक्षा योजना ३ महिना भित्र निर्माण गर्ने।

**निर्णय नं.७** राष्ट्रिय निकुञ्ज भित्रको सडक भित्र मोजाईक टायल बिच्छाउने कार्य गर्न टेन्डर प्रक्रियाका लागि चितवन राष्ट्रिय निकुञ्जसँग डिपिआर समेत संलग्न गरी अनुमति माग गर्ने।

**निर्णय नं.८.** तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत देहाय अनुसारका योजनाहरु प्रस्ताव गर्ने र नगरपालिकाको तर्फबाट कार्यविधि अनुसारको लागत सहभागिताको सुनिश्चिता गर्ने ।

<u>देहायः</u>

१. पाण्डवचोक देखि दिवाकार स्मृति प्राविधिक शिक्षालय जाने सडक निर्माण, वडा नं.-६
२. बैराटचोक जीवनपुर विद्यालय जाने सडक निर्माण, वडा नं.२
३. बलिराम चौधरीको घरबाट अम्रौली सडक निर्माण, वडा नं. ४

**निर्णय नं.९.** माडी कला केन्द्रले मिति २०८३।०१।०७ गतेदेखि मिति २०८३।०१।२० गतेसम्म माडी सौँस्कृतिक तथा पर्यटन उत्सव २०८३ सञ्चालन गर्न माग गरेकोमा नियमानुसारको मनोरन्जन कर लिनेगरी परिक्षा समय र अन्य सरोकारवालाहरुसँग छलफल गरी नगरप्रमुखले अनुमति प्रदान गर्ने ।

**निर्णय नं.१०.** आ.व.२०८३।०८४ का लागि तपसिल अनुसारको संघ तथा प्रदेश सरकारसँग योजनाहरुको कार्यान्वयनका लागि सिफारिस गर्दा प्रत्येक वडाबाट प्राथमिकताका क्रमको कायम गरी निर्णय गर्न जिम्मेवारी नगरप्रमुख लाई प्रदान गर्ने ।

<u>तपसिल</u>

| वडा नं. | संघमा प्रस्तावित योजना/कार्यक्रमहरु | प्रदेशमा प्रस्तावित योजना/कार्यक्रमहरु |
|---|---|---|
| १ | रिउ खोला ड्याम निर्माण चितही दोभानबाट चन्द्रपुरी हुँदै रिउ खोला पुलसम्म ग्याबियन जाली सहितको ड्याम निर्माण | सेरुवा पुल देखि शिखारीपुर त्रिचोक हुँदै कल्याणपुररातो पहिरोसम्मको सडक कालोपत्रे |
| | दौजर खोला हुँदै डांग्रे खोला चैनपुर पुल देखि रिउखोला सम्म तटबन्धन | गर्दीबाट शिखारीपुर रेमाकान्तको घर चोकसम्मको सडक कालोपत्रे |

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| | वडा नं. १ को सिमाना जोडिने चितवन राष्ट्रिय निकुञ्ज सिमानामा मेसजाली सहितको कंक्रिट वाल निर्माण (जंगली जनावर र मानवबीच हुने क्षति न्यूनिकरण गर्न) | डोलकाजी क्षेत्रीको घर देखि महेन्द्र गुरौको घरसम्म गर्दी कुलोको बाटो कालोपत्रे |
| | सोमेश्वर माध्यमिक विद्यालय स्थित जीर्ण भवन भत्काई नयाँ भवन निर्माण गर्न | वाल्मीकी आ.वि. देखि उत्तर लोकेन्द्र महतोको घरसम्म गर्दी कुलोकोबाटो कालोपत्रे |
| | | सेरुवा प्रतिक्षालयबाट दक्षिण तर्फको दुवै साईड नाला सहित सडक कालोपत्रे सन्तु महतोको घरसम्म |
| | | बरुवाबाट चैनपुर जाने सडकको डांग्रे खोलामा पुल निर्माण |
| २ | नयाँ पर्सा र जीवनपुर गाउँ बीचमा भएका भ्यागुते खोलमा डाइभर्सन र तटबन्धन सहितको कल्भर्ट निर्माण | बैराठ चोक देखि जीवनपुर स्कुल हुँदै लौगाइको मेन रोड सम्म पुग्ने बाटोमा कालोपत्रे |
| | मझुवा निर चितही खोला डाइभर्सन तटबन्धन सहितको पक्की पुल निर्माण | ध्रुव चौतारा देखि कुलोको छेउ छेउ हुँदै एनसेल टावर बरुवा सम्म कालोपत्रे |
| ३ | धोवहा नयाँ स्कुलको चोकबाट धोवहा रतनी हुँदै मस्जिदसम्म कालोपत्रे र ढलान नाला | शिवालय मन्दिर बसन्तपुर वाल र नाला निर्माण कम्पाउन्डिङ सहित |
| | खानेपानी तथा पाइप लाइनिङ- गुल्मेली टोल रतनी धोवहा | अखण्ड धुनी बैराठ मन्दिर निर्माण |
| | रिउ खोला रतनी धोवहा केवटा टोल तटबन्धन | बसन्तपुर बजार माडी मा.वि. बाट इलाक प्रहरी कार्यालयसम्म-हुलाकी बाटो नारायण पौडेलको घर हुँदै हुलाकी पिचसम्म र अशोक होटलबाट मोहन बरालको घरसम्म रोशनको घर हुँदै फिल्महल चोक सम्म कालोपत्रे (नाला सहित) |
| | | सिंचाई नाला- इनारबरुवा सामुदायिक भवनको कल्भर्टबाट गुल्मेली टोलसम्म र सिमराको कुलो मुहानबाट गंगारामको घरसम्म र नारायण फेन्सीबाट टिकारामको घर हुँदै फिल्महल चोक र भुमिलाल भारतीको घरसम्म दुबैतर्फ |
| ४ | सिंचाई कुलो ढलान (घोषरी कुलो, चमपावार कुलो, अम्रौली कुलो, बिरन्ची कुलो र सिंचाई डिप वोरिङ २ वटा कालिका टोल र कन्चन टोलको लागी) | सिंचाई कुलो ढलान (खैरहनी सिधुवा कुलो करिब २५०० मिटर, सिधुवा कुलो करिब २००० मिटर र डिप बोरिङ २ थान कालिका टोल र कन्चन टोलका लागी) |
| | गंगटे खोला देखि एकता स्तम्भ हुँदै मगुई खोलासम्म कालोपत्रे | कालोपत्रे बाटो (राधाकृष्ण टोलमा रहेको राधाकृष्ण मन्दिर नजिकबाट खैरहनी मा.वि., बिरन्ची ब्रह्मस्थान, सितलपुर बुद्धज्योति युवा क्लब घर हुँदै घोषरी त्रि चोकसम्म नाला सहितको कालोपत्रे) |
| | बलिराम महतोको घर देखि अम्रौली दुर्गा मन्दिर हुँदै बुद्धिराम महतोको घर नजिक चौतारो सम्मको बाटो कालोपत्रे | महिला गृहिणी कार्यक्रम निरन्तरता |

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख

CS CamScanner

| | | |
|---|---|---|
| | राधाकृष्ण टोलमा रहेको राधाकृष्ण मन्दिर नजिकबाट खैरहनी मा.वि. हुँदै ब्रह्मस्थान - बुद्धज्योती युवा क्लब हुँदै घोसरी पार्क त्रिचोकसम्म नाला सहितको कालोपत्रे | |
| ५ | सभाहल सहितको वडा कार्यालय भवन थप | बसन्तपुर शहिद चोक देखि विद्युत कार्यालय हुँदै वडा कार्यालय सम्मको बाटो कालोपत्रे र गैरी गाउँको बाटो कालोपत्रे (नगरपालिका भवन पछाडीको बाटो) |
| | बालकुमारी सुवेदीको घर देखि रौताने खोलसम्म र मनिध्वज चोक हुँदै राधापुर स्वास्थ्य चौकीसम्म बाटो कालोपत्रे (पुल सहित) | ढिकुरबारी बाल विकास देखि रौताने खोलामा पुल सहित ब्रह्मज्योती आधारभूत विद्यालय हुँदै मिलन चोकसम्मका बाटो कालोपत्रे |
| | रामभक्त चोक देखि मिलन चोक जाने बाटोको रौताने खोलामा पुल निर्माण | |
| | "रेवा मार्ग" रेडक्रस चोक- हरिनगर दिवाकर बहुप्राविधिक शिक्षालय- रिमाल खोला पारी वडा नं. ७ रोड सम्म कालोपत्रे (नाला सहित) | "कर्ण स्मृति मार्ग" कल्याणपुर पुलिस चौकी- त्रेलटाँडी- कर्ण बहादुर घर्ति प्रतिष्ठान- जनकल्याण बालविकास केन्द्र कल्याणपुर सामुदायिक वनको सिमा रोडसम्म सडक कालोपत्रे (नाला सहित) |
| | "जनकल्याण मार्ग" जनकल्याण चोक- जनकल्याण मा.वि.- मल्लाजी सगरभाथा टोल- स्याउलीबासको तामाङ्ग गुम्बा रोडसम्म कालोपत्रे (नाला सहित) | पाण्डव चोक- सिटिभिटि विद्यालय रोडसम्म सडक कालोपत्रे (नाला सहित) |
| | मझुवा क्रसर क्षेत्रदेखि लक्ष्मिवास होमस्टे शिशुकल्याण आ.वि. कल्याणपुर नमुना स्वास्थ्य चौकी स्याउलीबास हुँदै देबेन्द्रपुर जाने सडक निर्माण | रामराज्यपुर खेल मैदान स्तरोन्नति |
| ६ | रिमालखोला पुल हरिनगर बहुप्राविधिक शिक्षालय जाने सडकमा रिमालखोलामा पुल निर्माण | बसन्तपुर हुलाकीमार्ग देखि कालिका दुध डेरी सम्म जाने सडक कालोपत्रे |
| | मोटे चोकबाट अधुरो बाटो बाटारेको घरदेखि वाउण्डोरी परुई खोलासम्म नाला सहितको पिच | देवेन्द्रपुर शिवालय मन्दिर देखि दक्षिण कालिका स्कुल हुँदै पश्चिम पतरे खोलासम्म नाला सहितको कालोपत्रे २ कि.मि. |
| | गौरीनगर बिचको बाटो हुँदै दिवानगर बगैचासम्मको बाटो नाला सहितको पिच | रामचन्द्र चोक किर्तनपुर देखि ठकुरी टोलसम्म नाला सहितको<br>कालोपत्रे १ कि.मि. |
| | | गौरीनगर राई चोक देखि जडिबुटी पार्क जाने सडक कालोपत्रे |
| | | किर्तनपुर स्कुल देखि गोविन्द भण्डारीको घर हुँदै बोर्डिङ्ग चोक सम्म सडक कालोपत्रे |
| ७ | | अजिता रानाभाटको घर देखि मोहनदत्त रानाभाटको घरसम्म सडक कालोपत्रे |
| | | लाचोक बेलसारे टोलदेखि बरुवाल टोलसम्म सडक कालोपत्रे |
| | | शनि मन्दिर चोक देखि हनुमान चौतारा हुँदै पतरे खोलासम्म सडक कालोपत्रे |
| ८ | हुलाकी सडकबाट कान्तिपुर होमस्टे जाने बाटो पिच | खरकट्टाबाट शिवद्वार होमस्टे जाने बाटो पिच |

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख

| | | |
|---|---|---|
| | हुलाकी सडकबाट इन्द्रबस्ती हुँदै जीवनपुर जाने बाटो पिच | हुलाकी सडकबाट अयोध्यापुरी स्वास्थ्य चौकी जाने बाटो पिच |
| | हुलाकी सडकबाट जीवनपुर गुरुङ टोल राइटोल जाने बाटो पिच | |
| ९ | सडक स्तरोन्नति तथा कालोपत्रे हनुमानझुला | हनुमानझूलाका विभिन्न खोलाहरुमा (९ वटा) तटबन्धन |
| | प्याउली, कान्छी बगही, जेठी बगही, अशोक टोल, कृष्णनगर मा.वि., गणेशकुञ्ज सडक स्तरोन्नति तथा कालोपत्रे | बासखोला तटबन्धन तथा कल्भर्ट गणेशकुञ्ज |

**निर्णय नं.११.** माडी नगरपालिकाले Bitflux Technologies Pvt. Ltd. को प्राविधिक सहयोगमा तयार गरेको पर्यटकीय पोर्टल exploremadi लाई परीक्षणका रूपमा सञ्चालनमा ल्याउने। नगरपालिकाले एकीकृत डाटा व्यवस्थापन केन्द्रलाई .gov डोमेनमा सर्भर होस्टिङका लागि गरिएको पत्राचार अनुसार हालसम्म कुनै जवाफ प्राप्त नभएको हुँदा उक्त पोर्टल सञ्चालनमा कठिनाइ भएकोले यस परिस्थितिमा तत्कालका लागि गैर-नाफामूलक संस्थागत डोमेन .org मा होस्ट गरी exploremadi.org सञ्चालनमा ल्याउने। साथै, सोही अनुसार QR Code जडान गर्ने कार्य सम्पन्न भएपश्चात् नयाँ वर्ष २०८३ साल वैशाख १ गते exploremadi.org सञ्चालनमा आएको औपचारिक घोषणा गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख